# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०३।२५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सरकारी सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०३।२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

**देहायः**

| सि.न. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालत समक्ष पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | बद्री प्रसाद न्यौपाने, प्रमोद मेहता, कुन्ज विहारी प्रसाद चौधरी, मदन कुमार लाल कर्ण, हरि न्यौपाने, मोहन राज शर्मा, रविन कुमार यादव (वि.अ.को मु.नं. (०७५-CR-०१६८) फैसला मितिः२०७९/११/ २५ | समाज कल्याण परिषदले भृकुटीमण्डम स्थित प्रदर्शनी स्थल(फनपार्क) मा रहेको जग्गा भाडामा लगाउँदा अनियमितता गरी भ्रष्टाचार गरेको। | • प्रतिवादीहरु बद्री प्रसाद न्यौपाने, प्रमोद मेहता, कुन्ज विहारी प्रसाद चौधरी, मदन कुमार लाल कर्ण, हरि न्यौपाने, मोहन राज शर्मा, रविन कुमार यादवको हकमाः<br>प्रतिवादी बद्रीप्रसाद न्यौपाने महिला वाल बालिका र समाज कल्याण मन्त्री भई समाज कल्याण परिषद्को पदेन अध्यक्षले मेला सन्चालनको जग्गा भाडामा दिदाँ पहिलो बोलपत्र भन्दा कम रकमको बोलपत्र पर्दा समेत रद्ध नगरी वढी रकम तिरी सरकारी जग्गा भाडामा लिन खोज्ने चन्द्र घलेको प्रस्ताव रकम भन्दा कम दरमा रविन्द्र गुरुङलाई भाडामा दिन तोक आदेश लगाएको र उक्त प्रस्ताव मन्त्री परिषद्बाट पारित गराउन समाज कल्याण परिषद्का कार्य सञ्चालक समितिमा पेश गरी कार्य सञ्चालक समितिका पदाधिकारीहरु अध्यक्ष बद्रीप्रसाद न्यौपाने, उपाध्यक्ष प्रमोद मेहता, सदस्य सचिव रविन्द्र कुमार यादव, कोषाध्यक्ष कुन्ज विहारी प्रसाद चौधरी, सदस्य मदन कुमार लाल कर्ण, हरि न्यौपाने र मोहन राज शर्मा समेतले प्रतिस्पर्धा नगराई भाडामा दिदा सोही ठाउँको जग्गा भाडामा लगाउँदा भन्दा कम रकम आउने गरी गरेको संझौताबाट समाज कल्याण परिषद्लाई हानी नोक्सानी भएको विगो रकम रु. ३१,५२,१७,६७५/२० विगो कायम गरेको।<br>• प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम कसुर गरेको देखिदा ऐ. ऐनको दफा ३(१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम जरिवाना र हानी नोक्सान भएको विगो रु. ३१,५२,१७, ६७५.२० (एकतिस करोड बाउन्न लाख सत्र हजार छ सय पचहत्तर रुपैयाँ वीस पैसा) असुल | <u>फैसला :</u> प्रतिवादीहरुलाई कम बिगो कायम गरी सफाई।<br><u>प्रतिवादीहरुलाई कम विगो कायम गरी वि.अ.ले सफाई दिदा लिइएका आधारहरुः</u><br>• आयोगले लिएको विगो दावीका सम्बन्धमा ६० रोपनी जग्गा भाडामा दिएको भनिएता पनि प्रतिवादी वद्रीप्रसाद न्यौपानेले अदालतलमा वयान गर्ने क्रममा नापी कार्यालयका प्राविधिक कर्मचारीहरु फिल्डमा गएर फन पार्कले चर्चेको जग्गाको विवरण नाप गर्दा ४१-१५-३ उल्लेख भएकोले नापी कार्यालयका प्राविधिकहरुले दिएको प्रतिवेदनलाई अन्यथा भन्न नसकिने भएकाले प्रति महिना ७८,५७१/४२ का दरले ४१ रोपनी १५ आना ३ पैसाको भाडा रकम रु.२०,७१,३४,८३०/- हुन आउने र त्यसमा जग्गा भाडामा लिने प्रतिवादी रविन्द्र गुरुङले समाज कल्याण परिषद्लाई बुझाएको रकम रु. ४,३०,६८,०००/- देखिएकाले रविन्द्र गुरुङले वुझाएको रकम कट्टा गरी बाँकी रकम रु.२०,७१,३४,८३०/- विगो कायम हुने।<br>• प्रतिवादीहरु बल बहादुर स्वार, मदन प्रसाद रिमाल, रत्न गाहा मगर फन पार्क सञ्चालन सम्बन्धमा अध्ययन समितिको प्रतिवेदन दिने व्यक्तिहरु भएको निजहरुले पेश गरेको प्रतिवेदनको निष्कर्षमा परिषद्को गुरु | • कार्य सञ्चालन समिति सदस्यहरुले प्रतिवादीहरुले ६० रोपनी जग्गा भाडा दिएको नभई केवल ४१ रोपनी १५ आना ३ पैसा मात्रै भाडामा लगाएको भनी विगो रकम कम कायम भएको आधार हेर्दा प्रतिवादी रविन्द्र गुरुङले मेला क्षेत्र भाडा लिएको उक्त जग्गा ६० रोपनी भएको भन्ने रत्न गाहा मगर समेतले पेश गरेको अध्ययन प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । प्रतिवादी बद्रीप्रसाद न्यौपाने समेतले गरेको वयान आफ्नै मातहतको कार्यालयले पेश गरेको अध्ययन प्रतिवेदन प्रतिकुल छ । साथै प्रतिवेदनमा ६० रोपनी भएको सन्दर्भमा प्रतिवादी बद्रीप्रसाद न्यौपाने स्वयंले ६० रोपनी भनिएको जग्गा कम छ भनी नापी गर्दा अदालतले आदेशले गरेको नभई प्रतिवादी बयानको लागि उपस्थित हुँदा पेश गरेको देखिन्छ।प्रतिवादी बद्रीप्रसाद न्यौपानेले अख्तियार दुरुपयोग अनुसन्धान समक्षको बयानको सवाल नं ५ मा निजलाई सोधिएको ६० रोपनी जग्गाको प्रश्नमा निजले उक्त जग्गाको क्षेत्रफल ६० रोपनी छैन भनी एकिन दावी नलिई अन्य क्षेत्रको भाग पर्ने भनी उल्लेख गरे पनि आफु मातहतको समितिले ६० रोपनी उल्लेख गरेको प्रतिवेदनलाई खण्डन गरेका छैनन्।प्रतिवादी उपर मिति २०७५।१०।२१मा आरोप पत्र दायर भएकोमा प्रतिवादी मिति २०७५।१२।१३ मा मात्र अदालतमा बयानको लागि उपस्थित रहेको देखिन्छ, जबकि निजले उक्त प्रमाणको लागि उपस्थित हुनुभन्दा महिना दिन अगाडि मिति २०७५।११।१२ मा नै अदालतको विचाराधिन मुद्दामा अनाधिकृत रुपमा अदालतको आदेश विना नै नापजाँच मुचुल्का तयार गरेको देखियो।निजले उक्त जग्गाको क्षेत्रफल अदालतको आदेशबाट पेश गरेको नभई आफू खुशी पेश गरेको र मुद्दाको अर्को पक्षलाई रोहबरमा राखिएको छैन्। फन पार्कको कतिपय मनोरञ्जन खेल फनपार्क भित्रको सडकमा बसेर खेल्नुपर्छ।सडकलाई समेत नापी भएको विवरण भनी ३-२-३-२ क्षेत्रफल देखाएता पनि सडकको कुन भाग नापिएको हो स्पष्ट छैन।साथै, अदालतले ४१ रोपनी १५आना ३ पैसाको गुणन गरी निकालेको हिसाव र रविन्द्र गुरुङले तिरेको भनिएको रु.४,३०,६८,००/- रकम कट्टा गरी बाँकी भनी उल्लेख भएको रकम पनि उही रु. २०,७१,३४,८३०/- देखाइएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हुन र प्रतिवादी वद्री प्रसाद न्यौपाने, प्रमोद मेहता, कुन्जन विहारी प्रसाद चौधरी र रविन्द्र कुमार यादवलाई ऐ.ऐनको दफा २४ बमोजिम थप सजायको दावी लिइएको थियो।<br>• प्रतिवादीहरु रविन्द्र गुरुङ र टेक बहादुर गुरुङको हकमाः प्रतिवादी रविन्द्र गुरुङले मिति २०६१/६/२१ गते बोलपत्र आह्वान अनुसार सबै भन्दा बढी दरमा जग्गा भाडामा लिन दावी गर्ने चन्द्र घलेले प्रति महिना कबोल गरेको रु. २,५८,७५०/- भाडा दरलाई रद्ध गराई २०६१/११/१३ मा रु. २,०२,४००/- भाडामा (फन पार्क) लिन सफल भई उक्त संझौताको अवधी समाप्त भए पछि अरुले टेण्डर हाली सम्झौता गर्न नसकुन भन्ने बदनियतले सझौता अवधि सकिनु भन्दा ६ महिना अगाडी नै एकै पटक २५ वर्षको म्याद थप गर्न निवेदन दिएकोमा १५ वर्षको लागि विना प्रतिस्पर्धा जग्गा भाडामा लिन सफल भएकाले प्रतिवादी रविन्द्र गुरुङ उपर भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र ऐ.ऐनको दफा २३ बमोजिमको कसुर गरेकाले निजलाई ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी हानि नोक्सानी भएको विगो रु. ३१,५२,१७,६७५/२० कायम गरी सजाय हुन । साथै, प्रतिवादी टेक बहादुर गुरुङले आफू पहिले सञ्चालक हुँदा फन पार्कमा रहेका आफ्ना सामान गठमेलका साथी रविन्द्र गुरुङलाई प्रयोग गर्न दिई रविन्द्र गुरुङले टेण्डर पार्न रविन्द्र गुरुङको नाममा आफैंले हस्ताक्षर गरी समाज कल्याण परिषद्सँग संझौता गरेको देखिएकाले प्रतिवादी टेक बहादुर गुरुङको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेकाले विगो रु. ३१,५२,१७,६७५.२०/- कायम दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन दावी रहेको। | योजना, फन पार्क सञ्चालकको लगानी, नियममा भएको व्यवस्था तथा प्रचलन तथा मेला सञ्चालनको सम्बन्धमा अनुभवका आधारमा देखिएको जोखिम र पूर्वानुमान एवं फन पार्क सञ्चालकको परिषद्सँगको आर्थिक कारोवार अवस्थालाई दृष्टिगत गरी प्रचलित आर्थिक ऐन, नियमानुसार उक्त क्षेत्रबाट अधिकतम भाडा प्राप्त हुने गरी यस विषयमा निर्णय गर्ने अधिकार कार्य सञ्चालन समितिलाई हुने भनी उल्लेख भएकाले भाडा निर्णय विवादमा हुने संलग्नता र बदनियत रहेको नदेखिएको।<br>• प्रतिवादी प्रेम सिंह धामी र जगदेव चौधरीको हकमाः निजहरु समाज कल्याण परिषद्को कानूनी सल्लाकार रहेको र निजहरुलाई भृकुटीमण्डप स्थित (फन पार्क) ठेक्का सम्बन्धमा विस्तृत अध्ययन गरी कानूनी राय दिन भनिएकोमा समाज कल्याण परिषद् ऐन, २०५९ को दफा ६(१)(३) (१) र (४) तथा समाज कल्याल परिषद्को आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५० को नियम ६२ को उपनियम (४) बमोजिम परिषद्को आर्थिक वृद्धि हुने भनी राय दिएको, राय दिनेले राय दिएतापनि निर्णय कर्ता निर्णय गर्न बाध्य नहुने भएकाले प्रतिवादीले पेश गरेको राय बदनियत पूर्वक दिएको थियो भन्ने नदेखिएकाले सफाई पाउने।<br>• प्रतिवादी टेकबहादुर गुरुङको हकमा मुख्य आरोपित नठहरी मतियार | छ।विगो रकम हिसाव गर्दा ध्यान समेत पुगेको देखिदैन। मुख नमिलेको विषयमा प्रतिवादीले एकतर्फि नाप जाँच गरी पेश भएको नापी कार्यालयको कागजातलाई प्रमाणको रुपमा ग्रहण गरी प्रतिवादीहरूलाई कम विगो ठहर गरी भएको फैसलामा अदालतबाट भएको प्रमाण ग्रहण र प्रमाणको मूल्याङ्कनमा त्रुटी भएको देखिन्छ। साथै, विशष अदालतको उक्त प्रमाण ग्रहण गर्ने कार्य प्रमाण संकलन सम्बन्धी प्रचलित मान्यताको समेत विपरीत रहेको छ।<br>• अध्ययन समितिको सदस्य भई काम गर्ने प्रतिवादीहरु बल बहादुर स्वाँर, मदन प्रसाद रिजाल र रत्न गाहा मगरको प्रतिवेदन निष्कर्षका आधारमा निजहरुलाई सफाई दिएको निर्णयाधार हेर्दा प्रतिवादीहरुले सह-प्रतिवादी रविन्द्र गुरुङले माग गरे अनुसार नै हुने गरी १५ वर्ष एउटै व्यक्तिलाई हुने गरी दिन उपयुक्त हुन्छ भन्ने आसयले प्रतिवेदन दिएको देखिन्छ । प्रतिवेदन दिदा निवेदकले मागे बमोजिम समय दिन मिल्ने गरी पेश भएको प्रतिवेदन गलत भएकोले त्रुटीपूर्ण छ । प्रतिवादीलाई १५ वर्ष दिने उद्देश्यले नै प्रतिवेदनको भाषामा फन पार्क सञ्चालकको लगानी भन्ने शब्द उल्लेख भएबाट लगानी गरी रहेका यिनै रविन्द्र गुरुङले पाउन सकुन भन्ने उद्देश्यले प्रतिवेदन तयार पारेको देखिदा देखिदै अध्ययन समितिका सदस्यको रुपमा रहेका प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको छ ।<br>• कानूनी राय प्रदान गर्ने व्यक्तिको बदनियत नदेखिएको र कानूनी राय मान्ने नमान्ने विषय निर्णय कर्ताको रहने भनी कानूनी राय कर्तालाई सफाइ दिएको आधार हेर्दा प्रतिवादी द्वय प्रेम सिंह धामी र जगदेव चौधरीलाई सफाई दिएको त्रुटीपूर्ण रहेको । प्रतिवादीले दिएको रायको आधारलाई जस्ताको त्यस्तै गरी १५ वर्ष म्याद थपी दिएका कारणले प्रतिस्पर्धा नगरी सह-प्रतिवादी रविन्द्र गुरुङले जग्गा भाडामा पाएको देखिएको,प्रतिवादी बद्रीप्रसादले सफाइ पाउनु पर्ने मुख्य जिकिर कानूनी राय समेत लिई टेण्डर स्वीकृत गरेको हुँ भनेको र कानुनी राय प्रदान गर्ने यी प्रतिबादीहरुले समेत अन्य प्रचलित कानुन रकम र ठेक्काका बन्दोवस्त ऐन २०२० को चर्चा समेत नगरी केबल रविन्द्र गुरुङले टेण्डर प्राप्त गर्ने सकुन भन्ने बद नियतले कानुनी राय दिएको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको छ।<br>• प्रतिवादी टेक बहादुर गुरुङलाई मुख्य आरोपी सरह सजाय नगरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • प्रतिवादीहरु रत्न गाहा मगर, मदन प्रसाद रिमाल र बल बहादुर स्वार, प्रेम सिंह धामी र जगदेव चौधरीका हकमाः प्रतिवादी रविन्द्र गुरुङले २५ वर्ष म्याद थपको निवेदन दिएकोमा निजहरु फन पार्क सञ्चालन सम्बन्धमा अध्ययन गर्न गठित कार्यदलको सदस्य भई १५ वर्ष म्याद थप गर्न सिफारिस गर्दा प्रतिवादीले टेण्डर प्राप्त गर्नको लागि सजिलो होस भनी खुल्ला बजार क्षेत्रको लागि १५ वर्ष पाएको नजिर भनी नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी पुर्‍याई रविन्द्र गुरुङलाई फाइदा पुर्‍याउने नियतले तथ्यहरुको विश्लेषण नै नगरी बदनियत पूर्वक गलत प्रतिवेदन पेश गरेको र कानूनी राय दिएकोले कार्यदलका सदस्य वल बहादुर स्वार, रत्न गाहा मगर र मदन रिमाल, प्रेम सिंह धामी र जगदेव चौधरी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम गरेको देखिन आएकाले सोही ऐन, दफा १९ को उपदफा (२) बमोजिम सजाय हुने मागदावी लिएको। | कायम गर्दा प्रतिवादी टेकबहादुर गुरुङले वारेसनामा अख्तियारी नदिएको विषयमा निवेदन दिई करार संझौता गरेको देखियो ।यसरी मुद्दा किटान नगरी सो अनाधिकृत कार्य गरी प्रतिवादी टेक बहादुर गुरुङले सह-प्रतिवादी रविन्द्र गुरुङको सहयोगी वनी रविन्द्र गुरुङको हितमा कार्य गरेको देखिदा प्रतिवादी टेक बहादुरको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरको मतियार भई ऐ.दफा २२ को कसुर देखिने। | मतियारमा सजाय गर्दा टेकबहादुर गुरुङ रविन्द्र गुरुङको सहयोगी भई मतियारको रुपमा काम गरेको भनी लिएको निर्णय आधार हेर्दा टेकबहादुर गुरुङले फन पार्कको सञ्चालन गर्न मिति २०५७।०८।२६ मासिक भाडा रू ४,७५,००/-मा लिएको देखिरहेको छ। भृकुटीमण्डपको जग्गा भाडामा लिएको र २०६१ सालमा मेला सञ्चालन गर्न नसक्ने भनेर निवेदन दिएको देखियो ।मेला सञ्चालन गर्ने नस्कने भनी निवेदन दिने यी टेकबहादुर गुरुङले फन पार्कमा भाडाको लागि भएको अर्को बोलपत्रमा सहभागी भई मासिक भाडा कर सहित रु.२,०३,५५०।–मिति २०६१।८।७ मा बोलपत्र फारम भरेको देखिन्छ। बोलपत्र फारम खुल्दा रविन्द्र गुरुङले पटक पटक फारम भर्ने गरेको,फारम एउटा जिल्लाका व्यक्तिहरुले मात्रै भर्ने गरेको गरेको, फनपार्क सञ्चालन गर्ने रविन्द्र गुरुङ विदेश जान लागेकोले म्याद सकिनु ६ महिना अगाडी नै म्याद थप गर्न लगाएर निजको वारेस वने जस्तो गरी टेकबहादुर गुरुङले सञ्चालन गरिरहेको अवस्था देखिन्छ ।आफै सञ्चालक भइसकेका र रविन्द्र गुरुङले लिएको ठेक्कामा पनि वास्तविक(De-facto) ठेकेदारको रुपमा काम गरिरहेको देखिने प्रतिवादी टेकबहादुर गुरुङलाई केवल मतियार मात्र कायम गरी यिनलाई मतियारमा मात्र सजाय गरेको फैसला समग्र प्रमाणले मुल्याङ्कन नै नगरी भएकाले त्रुटीपूर्ण रहेको छ। |